# खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल (FEDWASUN)

# सूचना

यस महासंघले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले सञ्चालन गरेका आयोजनामा विजुलीको प्रयोग गरी पानी तान्दा लाग्ने महशुलमा छुट तथा डिमाण्ड चार्ज खारेजीको लागि विगत लामो समयदेखि माग गर्दै आएको कुरा सर्वविदितै छ । सो सम्बन्धमा नेपाल सरकारले यस आ.व. २०७१/०७२ को वजेट वक्तव्यको बुँदा नं. १३३ मा उपभोक्ता संस्थाले खानेपानीको प्रयोजनको लागि विजुली प्रयोग गरी पानी तान्दा लाग्ने विद्युत महशुलको डिमाण्ड चार्ज खारेज गर्ने व्यवस्था गरेको र त्यसको कार्यान्वयन हालसम्म पनि नभएको हुँदा यस महासंघले विभिन्न निकायमा लवी तथा पैरवी गर्ने कार्य गरिरहेको छ । सो व्यवस्था कार्यान्वयनका लागि खानेपानी तथा ढल निकास विभागले यस महासंघ मार्फत डिमाण्ड चार्ज वापत लाग्ने रकमको विवरण माग गरेको हुँदा विजुलीको प्रयोग गरी पानी तान्ने सम्पूर्ण खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले डिमाण्ड चार्ज वापत नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको रकमको विवरण महासंघको वेवसाइट www.fedwasun.org मा उपलब्ध फाराम भरी यस महासंघको केन्द्रीय कार्यालय वा महासंघका सम्बन्धित जिल्ला शाखाहरुमा यही २०७१ फागुन मसान्तसम्ममा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपाल**

केन्द्रीय कार्यालय, थापाथली, जेसिस मार्ग, काठमाडौं

फोन नं. ०१-४२४९७२० फ्याक्स नं. ०१-४२४५७३९

इमेलः info@fedwasun.org